# धितोपत्र निष्काशन तथा बाँडफाँड (नवौं संशोधन) निर्देशिका, २०८२

धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम धितोपत्र निष्काशन तथा बाँडफाँड (नवौं संशोधन) निर्देशिका, २०८२ रहेको छ ।

(२) यो निर्देशिका बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा ४ख.मा संशोधन**: धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ४ख. को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछः-

"(२) उपदफा (१) बमोजिम छुट्याएको शेयर निष्काशन गर्दा निष्काशन तथा बिक्री प्रबन्धकले सर्वसाधारणको लागि निष्काशन गर्नु अगावै आव्हानपत्र प्रकाशन गरी कम्तीमा चार कार्य दिन दरखास्त खुला रहने व्यवस्था गर्नुपर्नेछ ।

तर उक्त अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा त्यस्तो दरखास्त खुल्ला भएको मितिले बढीमा पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।"

३. **मुल निर्देशिकाको दफा १० पछि देहायको १०क., १०ख., १०ग., १०घ. र १०ङ. थप गर्ने** : मुल निर्देशिकाको दफा १० पछि देहाय बमोजिमको दफा १०क., १०ख., १०ग., १०घ. र १०ङ. थप गरिएको छः-

**"१०क. अविमोच्य असंचिति अग्राधिकार शेयर निष्काशनः** (१) नेपाल राष्ट्र बैंकबाट अविमोच्य असंचिति अग्राधिकार शेयर निष्काशनका लागि स्वीकृति पाएको बैंक तथा वित्तीय संस्थाले मात्र यस्तो शेयर निष्काशनका लागि बोर्डमा आवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम शेयर निष्काशन गर्न चाहने बैंक तथा वित्तीय संस्थाले अंकित मूल्य रू. १०० कायम गरी निष्काशन गर्नुपर्नेछ ।

**१०ख. अविमोच्य असंचिति अग्राधिकार शेयर निष्काशन प्रक्रियाः** (१) दफा १०क. बमोजिमको शेयर निष्काशन गर्ने बैंक तथा वित्तीय संस्थाले परिपत्र विधिमार्फत् ५० जना भन्दा कम हुने गरी संस्थागत लगानीकर्तालाई मात्र निष्काशन गर्न सक्नेछ ।

(२) दफा १०क.बमोजिम निष्काशन हुने शेयरमा सर्वसाधारण लगानीकर्ता, बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी तथा सामूहिक लगानी कोषले लगानी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम निष्काशन गर्दा सम्भावित संस्थागत लगानीकर्तालाई धितोपत्रसम्बन्धी विशेषता सहित जोखिम उद्घोषण विवरण (Risk Disclosure Statement) उपलब्ध गराउनुपर्नेछ । साथै, लगानीकर्ताबाट उक्त विवरण पढेको बुझेको भन्ने व्यहोरा खुलाई लिखित रूपमा कागजात समेत निवेदनसाथ संलग्न गर्ने व्यवस्था गर्नुपर्नेछ ।

**१०ग. <u>अविमोच्य असंचिति अग्राधिकार शेयरको अभौतिकीकरण र कारोबार सम्वन्धी व्यवस्थाः</u>** (१) दफा १०क. बमोजिम निष्काशन भएको शेयरको अभौतिकीकरण केन्द्रीय निक्षेप कम्पनीले र सूचिकरण तथा कारोबार प्रक्रिया धितोपत्र बजारले तोकेको व्यवस्था अनुसार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कारोबार संस्थागत लगानीकर्ताले मात्र खरिद विक्री गर्न सक्ने व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम कारोबार हुने शेयरमा सर्वसाधारण लगानीकर्ता, बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी तथा सामूहिक लगानी कोषले खरिद विक्री गर्न सक्ने छैन ।

**१०घ. <u>अविमोच्य असंचिति अग्राधिकार शेयर निष्काशन गर्दा विवरण पत्रमा उल्लेख गर्नुपर्नेः</u>** (१) निष्काशनका लागि तयार गरिएको विवरण पत्रमा देहाय बमोजिमको व्यहोरा समेत उल्लेख गर्नुपर्नेछः-

अविमोच्य अंसचिति अग्राधिकार शेयरमा लगानी गर्दा यस विवरणपत्रको पृष्ठ नं......मा रहेको जोखिम उद्घोषण विवरण (Risk Disclosure Statement) को समेत अध्ययन गरी लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

(२) अविमोच्य असंचिति अग्राधिकार शेयरमा निहित जोखिम र नोक्सानी प्रशोचनका क्रममा हुन सक्ने अपेक्षित प्रक्रिया तथा परिणामहरू उल्लेख गरिएको जोखिम उद्घोषण विवरण (Risk Disclosure Statement) संलग्न गर्नुपर्नेछ ।

(३) विवरणपत्रमा अर्न्तनिहित जोखिम तथा सो व्यवस्थापनको लागि व्यवस्थापनको धारणा अन्तर्गत अविमोच्य असंचिति अग्राधिकार शेयरको लाभांश भुक्तानी तथा परिवर्तनका सम्बन्धमा उत्पन्न हुन सक्ने जोखिम र सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा समेत उल्लेख गर्नुपर्नेछ ।

**१०ङ. <u>अविमोच्य असंचिति अग्राधिकार शेयर सम्बन्धी अन्य व्यवस्थाः</u>** (१) अविमोच्य असंचिति अग्राधिकार शेयर निष्काशन गर्ने बैंक तथा वित्तीय संस्थाले वितरणयोग्य मुनाफा आर्जन गरेको अवस्थामा नियमन निकायबाट रोक लगाएको अवस्थामा बाहेक यस्तो शेयरको लाभांश वितरण नगर्ने निर्णय गर्न पाइने छैन ।

(२) अविमोच्य असंचिति अग्राधिकार शेयरको विवरण सम्बन्धमा बोर्डले समय समयमा आवश्यक व्यवस्था तोकिदिन सक्नेछ ।

(३) दफा १०क. बमोजिम निष्काशन भएको धितोपत्रको फिर्ता वा साधारण शेयरमा परिवर्तन सम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम हुनेछ ।”

४. **<u>मुल निर्देशिकाको दफा २८ मा संशोधन</u>** : मुल निर्देशिकाको दफा २८ को उपदफा (२) र उपदफा (३) सट्टा देहायको उपदफा (२) र उपदफा (३) राखिएका छनः-

“(२) उपदफा (१) बमोजिम तयार गरिएको तालिका निष्काशन तथा बिक्री प्रबन्धकले धितोपत्रको बाँडफाँड गर्नु भन्दा कम्तीमा दुई कार्य दिन अघि बोर्डमा पेश गर्नु पर्नेछ ।

(३) एकपटक सार्वजनिक निष्काशन गर्ने भनी विवरणपत्रमा उल्लेख गरी छुट्याएको धितोपत्र कुनै खास व्यक्ति वा वर्गको प्राथमिकतामा बाँडफाँड गर्न पाइने छैन ।

तर नियमावलीको व्यवस्था बमोजिम कर्मचारी वा उद्योग प्रभावित क्षेत्रका बासिन्दाका लागि वा प्रचलित कानून बमोजिम मान्यता प्राप्त गरेको सामुहिक लगानी कोषलाई वा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीका लागि कुनै धितोपत्र सुरक्षित गरिएको अवस्थामा त्यस्तो धितोपत्रको बाँडफाँडको ढाँचा सम्बन्धित सङ्गठित संस्था तथा निष्काशन तथा बिक्री प्रवन्धकले तयार गरी बाँडफाँड गर्नु अगावै बोर्डलाई जानकारी गराउनु पर्नेछ ।”